स्वीकृत मिति २०७५।१०।१०

# गोदावरी नगरपालिका

# विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७५

गोदावरी नगरपालिका

बज्रबाराही,ललितपुर

प्रस्तावना......2
परिच्छेद १......2
प्रारम्भिक......2
१. संक्षिप्त परिचय र प्रारम्भः......2
२. परिभाषा......2
३. निर्देशिकाको उद्देश्य......3
४. निर्देशिकाको कार्यक्षेत्र र सीमा......3
परिच्छेद २......3
कार्यान्वयन व्यवस्थापन......3
५. कार्यान्वयन व्यवस्थापन......3
परिच्छेद ३......3
कोष व्यवस्थापन सम्बन्धी व्यवस्था......3
६. कोषको प्रयोग......3
७. बैठक भत्ता......4
८. कोषको रकम प्रयोग हुन नसक्नेः......4
९. प्रशासनिक व्यवस्था......4
१०. खाता संचालन......4
११. लेखा परिक्षण......4
परिच्छेद ३......4
विविध......4
१२. रकम निकासा हुने अवस्था......4
१३. रकम खर्च गर्ने प्रक्रिया......5
१४. विवरण सार्वजनिक गर्नु पर्ने......5
१५. पुरस्कार वा प्रशंसा पत्र प्रदान गर्न सक्ने......5
१६. संशोधन तथा बचाउ......5

## गोदावरी नगरपालिका
## विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७५

**प्रस्तावना**

भुकम्प, बाढी पहिरो, आँधिबेरी, आगलागी, महामारी, हुरीबतास, खडेरी, हिमपात, असिना आदी प्रकोपका रुप हुन् । यस प्रकारका घट्नाहरु जुन सुकै समयमा पनि घट्न सक्ने भएकाले त्यस प्रति सचेत र पुर्वतयारी हुनु जरुरी छ । प्रकोप जन्य घट्नाहरु घट्न नदिन, घट्नालाई न्यूनीकरण गर्न र घट्ना घटी हालेमा यसलाई उचित व्यवस्थापनका लागि आवश्यक सतर्कता अपनाउनु जरुरी छ । प्रकोप जन्य घट्नाको व्यवस्थापनमा स्थानीय तहको भूमिका अहम हुने भएकोले नगरपालिकामा पनि यस कार्यले प्राथमिकता पाउनु अपरिहार्य हुने भएकाले गोदावरी नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४को परिच्छेद ३ को ११ (न) ६ अनुसार गोदावरी नगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन निर्देशिका २०७५ निर्माण गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त परिचय र प्रारम्भः**

क) यस निर्देशिकाको नाम गोदावरी नगरपालिका विपद् व्यवस्थापन कोष संचालन निर्देशिका २०७५रहेको छ ।

ख) यो निर्देशिका नगर सभाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

२) “आर्थिक नियम” भन्नाले आर्थिक प्रशासन नियमावली, २०६४ लाई सम्झनु पर्दछ ।

३) “निर्देशिका” भन्नाले विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७५ सम्झनु पर्दछ ।

४) “नगरपालिका” भन्नाले गोदावरी नगरपालिकालाई सम्झनु पर्दछ ।

५) “नगरसभा” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ४ को दफा १९ मा उल्लेखित भए अनुसारको ब्यबस्थालाई सम्झनु पर्दछ ।

६) “स्थानीय तह“ भन्नाले जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका लाई सम्झनु पर्दछ ।

७) “समिति” भन्नाले विपद् व्यवस्थापन कोष संचालनको लागि गठन गरिएको समिति सम्झनु पर्दछ ।

८) “कर्मचारी” भन्नाले गोदावरी नगरपालिका बिपद् ब्यबस्थापनमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

९) “संयोजक” भन्नाले कोष संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ ।

१०) “गैर सरकारी संस्था” भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायबाट विधिवत रुपमा दर्ता भएका र नगरपालिकामा आवद्धता भएका सामाजिक संस्थालाई सम्झनु पर्दछ ।

११) “पुर्वाधार” भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड साईड, सार्वजनिक शौचालय, साँस्कृतिक सम्पदाहरुलाई सम्झनु पर्दछ ।

१२) “विपद्” भन्नाले प्राकृतिक, भौतिक, मानवीय वा अन्य कुनै कारणबाट आकस्मिक रुपमा घटि आई पर्ने संकटको अवस्था र सोको कारणबाट हुन गएको जनधन, पशुपंक्षी, भूमी लगायत विभिन्न प्राकृतिक सम्पदाको क्षतीलाई सम्झनु पर्दछ ।

१३) “मर्मत सम्भार” भन्नाले विपद्बाट क्षतिग्रस्त भएका पूर्वाधार लगायतका अन्य क्षतिग्रस्त स्थानहरुको व्यवस्थित किसिमले नगरपालिका लगायत अन्य सरकारी तथा गैर सरकारी निकायले सम्पादन गर्ने कार्य सम्झनु पर्दछ ।

**३. निर्देशिकाको उद्देश्य**

यस निर्देशिकाको प्रमुख उद्देश्य गोदावरी नगरपालिका भित्र आई पर्ने विपद् तथा विपद्बाट आईपर्ने अन्य जोखिम जस्ता घटनाहरुको उचित व्यवस्थापन तथा न्युनिकरण गर्नका लागि आवश्यक खर्चको व्यबस्थापन गर्नु प्रमुख उद्देश्य हो ।

**४. निर्देशिकाको कार्यक्षेत्र र सीमा**

विपद् व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने ब्यवस्थापकिय तथा संस्थागत पक्षलाई समेटिएको छ । गोदावरी नगरपालिकाको कार्यालयले आफ्नो प्रायोजनका लागि मात्र यो निर्देशिका बनाएको हुँदा यसको कार्य सीमा गोदावरी नगरपालिका क्षेत्र भित्र रहने छ । साथै यो निर्देशिका स्थानीय सरकार संचालन ऐन २०७४ र आर्थिक प्रशासन नियमावली २०६४ का आधारमा तयार गरिएकाले अन्य स्थानीय तहहरुलाई समेत मार्गदर्शक हुन सक्नेछ ।

## परिच्छेद २

## कार्यान्वयन ब्यवस्थापन

**५. कार्यान्वयन ब्यवस्थापन**

१. गोदावरी नगरपालिकामा विपद् व्यवस्थापन कोषको कार्य ब्यवस्थित रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमका पदाधिकारीहरु भएको विपद् व्यवस्थापन कोष संचालन समिति रहने छ ।

| | |
|---|---|
| क) नगरपालिका प्रमुख | संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) बिपद् ब्यबस्थापन समिति प्रतिनिधित्व गर्ने वडा अध्यक्ष मध्ये दुई | सदस्य |
| घ) बिपद् ब्यबस्थापन शाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद ३

## कोष ब्यवस्थापन सम्बन्धी ब्यवस्था

**६. कोषको प्रयोग**

कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिन्छ ।

क) नियमित रुपमा विपद् प्रभावितको ब्यवस्थापन तथा न्युनिकरणको कार्य गर्ने गराउने ।

ख) विपद्ले असर गरेको वा पर्न सक्ने ब्यक्तिको उद्धार र सम्पतिको संरक्षण ।

ग) विपद् प्रभावित ब्यक्तिको तत्कालिन राहतका लागि अस्थायी शिविर खडा गर्ने ।

घ) विपद् प्रभावितको भरणपोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान, लत्ताकपडा, औषधी, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद गर्ने, घाईते वा विरामी भएको ब्यक्तिको औषधी उपचारका लागि सहयोग गर्ने,

ङ) विपद्का कारणबाट भएको फोहरमैला तथा प्रदुषणको उचित ब्यवस्थापन -disposal) गर्ने,

च) विपद् प्रभावित ब्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनस्थापना गर्ने र प्रभावित ब्यक्तिको आवासिय घर तथा निजको पेशासंग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने,

छ) विपद् रोकथामका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्वतयारी
(preparedness) गर्ने,

ज) प्रकोप ब्यवस्थापनको काम गर्ने संघसंस्थाहरु वीच समन्वय र सहकार्यमा स्तरियता ल्याउन निरन्तर सुपरिबेक्षण र अनुगमन गर्ने,

झ) माथि उल्लेखित कार्य गर्न आवश्यक्ता हेरी ब्यवस्थापन समितिको संयोजकको नाउँमा पेश्की सोरुप बढीमा रु २०,००० रकम निकासा गर्न सकिने छ ।

ञ) वडा स्तरमा वडा स्तरीय विपद् ब्यवस्थापन कोष ब्यवस्थापन गर्न सक्ने छ ।

ट) वडा स्वयंम् आफैले कार्यविधि बनाएर कोष संचालन गर्न सक्ने छ ।

**७. बैठक भत्ता**

विपद् व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूले नगरपालिकाका बोर्ड सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

**८. कोषको रकम प्रयोग हुन नसक्नेः**

नियममा जुन सुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः

क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउने,

ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउने,

ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्ने

घ) विपद्संग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउने ।

ङ) विपद्को पुर्वतयारीको लागि विपद् व्यवस्थापन कोष संचालन समितिले गरेको निर्णय अनुसार को खर्च व्यवस्थापन बाहेक अन्य खर्च नगराउने ।

**९. प्रशासनिक व्यवस्था**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार हाललाई नगरपालिकाका कर्मचारीहरूबाटै सञ्चालन गरिने छ । विपद् व्यवस्थापन समिति सक्षम भएपछि स्वायत्त संस्थाका रुपमा कोषले आफ्नालागि छुट्टै व्यवस्था गर्न सक्नेछ ।

**१०. खाता संचालन**

कोषको रकम कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन संयोजक र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

**११. लेखा परिक्षण**

कोषको लेखापरीक्षण नगरपालिकाको लेखापरीक्षण गर्ने व्यवस्थाअनुसार हुनेछ ।

१२. अन्तिम लेखा परिक्षण तयार गरिएको आर्थिक विवरण सहितको अन्तिम लेखा परिक्षण प्रतिवेदन नगर सभामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ३

## विविध

**१२. रकम निकासा हुने अवस्था**

विपद् ब्यवस्थापन सम्बन्धी न्यूनिकरण कार्यक्रमहरु संचालन हुँदा रकम निकासा हुने अवस्था देहाय अनुसार हुनेछ :

क) कार्य सम्पन्न भएपछि सम्बन्धित वडा स्तरीय विपद् व्यवस्थापन समितिको निर्णय, मूल्यांकन र बिल भर्पाइको आधारमा निकासा गरिनेछ ।

ख) विपद् व्यवस्थापन समितिको संयोजनमा आवश्यकता हेरी रकम ब्यवस्थापन गर्ने जिम्मेवारी दिईनेछ।

**१३. रकम खर्च गर्ने प्रक्रिया**

उद्धार तथा राहत कार्यक्रम संचालन गर्दा प्रचतिल ऐन तथा नियमहरुको पूर्णरुपमा पालना गर्नुपर्नेछ । सोहिअनुसारको विल भपाईहरु पेश अनिवार्य रुपमा गर्नु पर्नेछ ।

**१४. विवरण सार्वजनिक गर्नु पर्ने**

उद्धार सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

**१५. पुरस्कार वा प्रशंसा पत्र प्रदान गर्न सक्ने**

उत्कृष्ट काम गर्ने कर्मचारी, समिति, गैर सरकारी संघसंस्था, कर्मचारी तथा सर्बसाधारणहरुलाई गोदावरी नगरपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सकिनेछ सो खर्चको व्यवस्था नगरपालिकाको कार्यालयले मिलाउनु पर्दछ ।

**१६. संशोधन तथा बचाउ**

१. यस निर्देशिकामा उल्लेखित कुराहरु छुट हुन गई कुनै कुरा थप घट गर्न वा परिमार्जन गर्नु परेमा सम्बन्धित ऐन नियमको परिधि भित्र रही नगर सभाले मात्र गर्न सक्नेछ ।

२. यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३. यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीयसरकार संचालन ऐन २०७४ (आर्थिक प्रशासन) नियमावली, २०६४ संग बाझिएमा बाझिएका हदसम्म स्वतः निष्कृय हुनेछ ।